कोशी प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, उदयपुर

कोशी प्रदेश, नेपाल

पत्र संख्या :२०८३/८४

चलानी नं. १०२

मितिः २०८३/०७/१०

श्री त्रियुगा नगरपालिका नगर कार्यापालिकाको कार्यालय,गाईघाट,उदयपुर
श्री चौदण्डीगढी नगरपालिका कार्यापालिकाको कार्यालय,वेल्टार,उदयपुर
श्री बेलका नगरपालिका कार्यापालिकाको कार्यालय,रामपुर,उदयपुर
श्री कटारी नगरपालिका कार्यापालिकाको कार्यालय,कटारी,उदयपुर
श्री उदयपुरगढी गाँउपालिका गाँउकार्यापालिकाको कार्यालय,उदयपुरगढी,उदयपुर
श्री रौतामाई गाँउपालिका गाँउकार्यापालिकाको कार्यालय,भुट्टार,उदयपुर
श्री लिमचुङ्गबुङ्ग गाँउपालिका गाँउकार्यापालिकाको कार्यालय,बराह,उदयपुर

विषयः- सूचना टाँस गरिदिने सम्बन्धमा।

प्रस्तुत विषयमा कृषि ज्ञान केन्द्र,उदयपुरको आ.व. २०८३/०८४ को वार्षिक स्विकृत कार्यक्रम अनुसार संघ शसर्त अनुदान प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रमको प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्बन्धि कार्यविधि २०८२ वमोजिम सूचना प्रकाशन गरिएको हुदा तहाँको सूचना पाटीमा सूचना टाँस गरि जानकारी पठाई दिन हुन अनुरोध छ ।

.................................

योगेन्द्र प्रसाद यादव

प्रमुख

फोन नं.: ०३५-४२२१३०/४२२२६३

ईमेलः akcudaypur@gmail.com

वेभसाइटः udayapur.akc.gov.np

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, उदयपुर

कोशी प्रदेश, नेपाल

पत्र संख्या :२०८३/८४
चलानी नं.

## प्रांगारिक कृषि प्रवर्द्दन कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना

दोस्रो पटक प्रकाशित मिति:२०८३/०७/१०

यस कृषि ज्ञान केन्द्र, उदयपुरको आर्थिक वर्ष २०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार १२ लाँख पचास हजार रुपैया मात्र अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा उदयपुर जिल्लाको स्थानीय तहका कृषि व्यवसाय एवम् सहकारी सम्बन्धि संलग्न ईच्छुक कृषक समूह/कृषि सहकारी संस्था/कृषि फार्म/उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना दोस्रो पटक प्रकाशन भएको मितिले ७ दिन भित्र (२०८३/०७/१६) कार्यालयमा तपसिल अनुसारका कागजातहरू संलग्न राखि आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ। यस सम्बन्धी थप जानकारीका लागि वेवसाईट udayapur.akc.gov.npवा मोबाईल नं. ९८५२८२९१३०/९८५२८३५०६७ मा सम्पर्क गर्न सकिनेछ।

तपसिलः

| क.स. | कार्यक्रमको नाम | कार्यक्रम को लक्ष्य | बजेट (रू लाखमा) | साझेदारी प्रतिशत | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारले ध्यान दिनुपर्ने कुराहरु |
|---|---|---|---|---|---|
| १. | संघ शसर्त अनुदान, प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम | १ | १२.५० | ५०-८५% सम्म | •कृषक समूह/सहकारी/निजी फर्म यस कार्यक्रममा सहभागी हुन सक्नेछन् ।<br>•प्रस्तावना तथा अनुदानग्राही छनौट "प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि, २०८२" बमोजिम हुनेछ । |

**आवश्यक कागजात:**

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि।
२. संस्थागत (समूह,सहकारी,फर्म,समिति आदि) ले प्रति आवेदन रु २००/- भने व्यक्तिगत कृषकको हकमा प्रति आवेदन रु १००/- राष्ट्रिय बाणिज्य बैंकको खाता नं.१०००१००२०१०१०००१,

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, उदयपुर**
कोशी प्रदेश, नेपाल

पत्र संख्या :२०८३/८४
चलानी नं.

राजस्व शिर्षक नं. १४२२९, कार्यालय कोड ३१२०१११०११ मा आवेदन दस्तुर वापत जम्मा गरी सोको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

३. सम्बन्धित स्थानीय तहको कृषि विकास शाखाको सिफारिस ।

४. कार्यक्रम सञ्चालन हुने स्थान(जग्गा जमिन) को स्वामित्व खुल्ने जग्गाधनीपुर्जा र जग्गाधनीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी पत्र वा भाडाको जग्गामा खेती भएमा१० वर्षको कानुन बमोजिमको सम्झौतानामा ।

५. संस्थाको हकमा कार्यक्रम माग गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि साथै निवेदन पेश गर्ने व्यक्तिलाई अख्तियारी दिएको निर्णय ।

६. आवेदकले दोहोरो पर्ने गरी अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वः घोषणा पत्र र विगत ३ आर्थिक वर्षमा विभिन्न निकाय/कार्यालयहरु र अन्य आयोजनाबाट रु पाँच लाख वा सो भन्दा बढी अनुदान नलिएको हुनुपर्ने ।

७. प्राविधिक ज्ञान तथा अनुभव भएमा त्यसको प्रमाणपत्रको प्रतिलिपि ।

८. कृषि व्यवसाय गर्ने अनुसूची अनुसारको प्रस्ताव (व्यावसायिक उत्पादनको हकमा)।

९. निजी फर्मको हकमा गत आ.व.को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन फोटोकपी।

१०.निजी फर्मको हकमा गत आ.व. सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित स्थानीय तहको प्रमाण।

११.जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी।

१२.प्रतिवद्धता पत्र।

१३.आयोजना सम्बन्धी अन्य आवश्यक कागजातहरू।

फोन नं.: ०३५-४२२१३०/४२२२६३
ईमेल: akcudaypur@gmail.com
वेभसाइट: udayapur.akc.gov.np